# उद्योग वाणिज्य सन्देश

मासिक

a newsletter of CHAMBER OF COMMERCE & INDUSTRY-CHITWAN

वर्ष २५, अंक ९, असोज/कार्तिक २०७६ Sept/Oct/Nov. 2019


## अन्तर्राष्ट्रिय अध्ययन अवलोकन भ्रमण सम्पन्न

### सिलोन चेम्बर र उवासंघ-चितवन बिच समझदारी पत्रमा हस्ताक्षर

उद्योग वाणिज्य संघ-चितवन र श्रीलङ्का स्थित सिलोन चेम्वर अफ कमर्स बिच कार्तिक १८ गतेका दिन श्रीलङ्काको कोलम्बोमा एक कार्यक्रमका बिच समझदारी पत्रमा हस्ताक्षर गर्ने कार्यक्रम सम्पन्न भएको छ । उद्योग वाणिज्य संघ-चितवनका तर्फबाट अध्यक्ष सहनलाल प्रधान र सिलोन चेम्बर अफ कमर्सका तर्फबाट सिलोन चेम्वरका उपाध्यक्ष भिस गोविन्दा स्वमीले हस्ताक्षर गर्नुभएको हो । हस्ताक्षर कार्यक्रममा बोल्दै अध्यक्ष प्रधानले दुई शहर र दुई देश बिचको व्यावसायिक सम्बन्ध र व्यवसाय प्रवर्द्धनमा महत्त्वपूर्ण समयको सुरुवात भएको बताउनुभयो । समझदारी बमोजिम दुई देशका उद्योग वाणिज्य संघहरूले द्विराष्ट्रिय व्यावसायिक प्रवर्द्धनका लागि विभिन्न कार्यक्रम आयोजना गर्ने, प्रविधि साटासाट तथा हस्तान्तरण, प्राविधिक सहयोग गर्ने, अध्ययन अवलोकन भ्रमण, तालिम, सेमिनारको आयोजना गर्ने, पूर्वाधार विकासका लागि आ-आफ्नो सरकार मार्फत पहल गर्ने लगायतका बुँदाहरू रहेका छन् । सोही कार्यक्रममा उवासंघ-चितवनका अध्यक्ष सहनलाल प्रधानले नेपाल भ्रमणका लागि श्रीलङ्काका जनताहरूलाई अपिल गर्दै



दुई देश बिचको धार्मिक, सामाजिक, प्राकृतिक तथा आत्मिय घनिष्ठता सम्बन्धी प्रकाश पार्नुभएको थियो । कार्यक्रममा सिलोन चेम्बरको तर्फबाट छिटै नै एक टोली नेपाल भ्रमणका लागि आउन लागेको अध्यक्ष प्रधानले जानकारी दिनुभयो । समझादारी- पत्रमा हस्ताक्षर गर्ने कार्यक्रम पश्चात दुई देसका व्यवसायीहरू बिच एक B2B बैठक सम्पन्न भएको छ । सयौं व्यवसायीहरूको सहभागिता रहेको उक्त बैठकमा संघका अध्यक्ष सहनलाल प्रधानले सम्बोधन गर्नुका

*बाँकी ७ नं. पेजमा*

## राष्ट्रिय कर दिवसको अवसरमा अन्तर्क्रिया कार्यक्रम



उद्योग वाणिज्य संघ-चितवनको सभाहलमा मङ्सिर २ गतेका दिन एक दिवसीय कर, आयकर, अन्तशुल्क तथा राजस्व नीति, विधि र प्रक्रिया लगायतका विषयमा एक अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको थियो । आठौं राष्ट्रिय कर दिवसको अवसरमा उद्योग वाणिज्य संघ-चितवन र आन्तरिक राजस्व कार्यालय चितवनको संयुक्त आयोजनामा गरिएको उक्त कार्यक्रममा सहभागी उद्यमी व्यवसायीहरूले कर, मूल्य अभिवृद्धि कर तथा अन्तशुल्कका बारेमा जानकारी लिएका थिए ।

कार्यक्रममा उपस्थित सहभागीहरूलाई सम्बोधन गर्दै उद्योग वाणिज्य संघ-चितवनका अध्यक्ष सहनलाल प्रधानले व्यवसायीहरू राज्यले तय गरेको कर तिर्ने सम्बन्धमा कहिल्यै विरोधी नभएको तर कर तिर्ने प्रक्रिया र यसको पारदर्शिता लगायत कर व्यवसायमैत्री हुनुपर्नेमा आवाज उठाउँदै आएको बताउनुभयो । कार्यक्रममा अध्यक्ष प्रधानले राज्यले अङ्गिकार गरेको सुखी नेपाली समृद्ध नेपालको नारालाई साकार पार्न निजी क्षेत्रको अतुलनीय योगदान रहने बताउँदै सरकारले कर तथा राजस्व नीति तय गर्दा निजी क्षेत्रको प्रत्यक्ष

*बाँकी अन्तिम पेजमा*


(जि.प्र.का.द.नं. ५/०४९/०५०, चि.जि.हु.द.नं.६/०४९/०५० AN ISO 9001:2008 CERTIFIED CHAMBER

ISO 9001:2008

प्रकाशक उद्योग वाणिज्य संघ-चितवन, फोन : ०५६-५२०१०८, ५२२१४५, ५२५५१२, फ्याक्स ०५६-५२०१६५

URL: www.ccichitwan.org, E-mail : info@ccichitwan.org.np

## उद्योग वाणिज्य संघ-चितवनको

### लक्ष्य (Mission)

"उद्योगी तथा व्यवसायीहरुको हक हितको संरक्षण तथा सम्बर्द्धन गर्दै स्थानीय आर्थिक तथा सामाजिक विकासको माध्यमबाट राष्ट्रिय अर्थतन्त्रको विकासमा योगदान पुऱ्याउने ।"

### परिकल्पना (Vision)

"आफ्नो कार्यक्षेत्र भित्र संचालित उद्योग तथा अन्य व्यवसायलाई गुणस्तरीय र प्रतिस्पर्धी बनाउँदै बढि आर्थिक क्रियाकलापको सम्भावना भएको कृषि तथा पर्यटन क्षेत्रको विकासलाई निरन्तरता दिँदै स्वास्थ्य सेवा र शिक्षा क्षेत्रलाई विकसित गरी प्रवर्द्धन गर्न आवश्यकतामा आधारित सेवा प्रदान गर्ने नेतृत्वदायी संस्थाका रुपमा संघलाई विकसित गर्ने ।"

### गुणस्तर नीति (Quality Policy)

उद्योग वाणिज्य संघ-चितवन, चितवन जिल्ला भित्रका उद्योग व्यापार क्षेत्रको छाता सङ्गठन भई दक्ष जनशक्तिको माध्यमद्वारा राज्यको नीति नियमसङ्गत सेवाग्राही सन्तुष्टीको माध्यमबाट गुणस्तरीय उद्देश्यहरुलाई निरन्तर परिष्कृत गर्दै एक प्रभावकारी संस्थाको रुपमा विकसित हुन प्रतिबद्ध छ ।


### प्रकाशन समिति

**संयोजक**

सिद्धार्थलाल चुके

कार्यसमिति सदस्य

**सदस्यहरू**

राजेन्द्र ओली, प्रशान्त कुमार पिया, ईश्वर जोशी, बालगोपाल चुके, बद्रीनाथ पोखरेल, सुरेशकुमार श्रेष्ठ, रामशरण शिलवाल (सल्लाहकार)

**सम्पादन**

निल बहादुर के.सी. (निलु)

कार्यक्रम अधिकृत

**ले-आउट/डिजाइन**

प्रकाश कुमाल

९८४६२६१३८८

**मुद्रण**

लमजुङ्ग छापाखाना

प्रेसमार्ग, शहीदचोक, नारायणगढ, चितवन

सम्पर्क नं. : ९८४३१९४५९३


# विश्व मधुमेह दिवसको अवसरमा नि:शुल्क स्वास्थ्य परीक्षण



उद्योग वाणिज्य संघ-चितवनले मधुमेह रोगका बारेमा एक जनचेतनामूलक कार्यक्रम एवं नि:शुल्क स्वास्थ्य परीक्षण कार्यक्रमको आयोजना गरेको छ । नोभेम्बर १४ गतेका दिन पर्ने विश्व मधुमेह दिवस २०१९ को अवसरमा २०७६ कार्तिक २६ गतेका दिन संघको सभाकक्षमा उक्त कार्यक्रमको आयोजना गरिएको हो । उद्योग वाणिज्य संघ-चितवनको आयोजना तथा नारायणगढ स्थित समर्पण पोलिक्लिनिकको प्राविधिक सहयोगमा उक्त कार्यक्रमको आयोजना गरिएको हो ।

कार्यक्रममा उपस्थित सहभागीहरूलाई सम्बोधन गर्दै संघका अध्यक्ष सहनलाल प्रधानले उद्यमी व्यवसायीहरूले व्यस्तताका कारण आफ्नो स्वास्थ्यमा आवश्यक ध्यान पुऱ्याउन नसकेको अवस्थामा संघको सामाजिक उत्तरदायित्व अन्तर्गत विश्व मधुमेह दिवसको अवसर पारी उक्त कार्यक्रमको आयोजना गरिएको बताउनुभयो । कार्यक्रममा अध्यक्ष प्रधानले स्वस्थ जीवनका लागि व्यवसायीहरू आफ्नो स्वास्थ्यका बारेमा संवेदनशील हुनुपर्ने बताउँदै कार्यक्रमले मधुमेह रोगका बारेमा आवश्यक जानकारी दिन सहयोग पुग्ने बताउनुभयो । साथै उहाँले आगामी दिनहरूमा पनि संघले यस किसिमका अन्य कार्यक्रमहरू आयोजना गर्ने बताउनुभयो । कार्यक्रममा विशेषज्ञ डाक्टरद्वय अमित शाक्य र जस्मिन तुलाधरले स्वास्थ्य परीक्षण गर्नुका साथै कार्यपत्र पेश गर्नुभएको थियो । कार्यक्रममा विभिन्न क्षेत्रका ९० जना व्यवसायीहरूले नि:शुल्क स्वास्थ्य परीक्षण गराउनुका साथै जनचेतनामूलक कार्यक्रममा सहभागिता जनाउनु भएको थियो । कार्यक्रममा उपस्थित सहभागीहरूलाई धन्यवाद ज्ञापन गर्दै सहयोगी संस्था समर्पण पोलिक्लिनिक नारायणगढका प्रोपाइटर सन्जय गुप्ताले कार्यक्रम सफल भएको बताउँदै आगामी दिनहरूमा पनि उद्योग वाणिज्य संघ-चितवनसँग मिलेर स्वास्थ्य क्षेत्रका अन्य विविध कार्यक्रम गर्न आफूलाई हौसला मिलेको बताउँदै संघप्रति आभार व्यक्त गर्नुभयो । संघको सभाहलमा आयोजित उक्त कार्यक्रममा संघका पदाधिकारी, नेपाल उद्योग वाणिज्य महासंघका कार्यकारिणी समिति सदस्य, उद्योग वाणिज्य संघका कार्यसमिति सदस्य, विभिन्न वस्तुगत संघका अध्यक्ष लगायत व्यवसायीहरूको सहभागिता रहेको थियो ।

संघका अध्यक्ष सहनलाल प्रधानको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रम संघका कार्यक्रम अधिकृत निलबहादुर के. सी. ले सञ्चालन गर्नुभएको थियो ।




# पर्यटन प्रवर्द्धनका लागि सम्झौता

चितवन जिल्लाको पर्यटकिय स्थल मेघौलीमा पर्यटनको विकास एवं प्रवर्द्धनमा सहयोग पुऱ्याउने उद्देश्यले मेघौली स्थित थारु सामुदायिक होमस्टे मेघौली र उद्योग वाणिज्य संघ-चितवन बिच सम्झौता भएको छ । पर्यटकीय स्थल चितवनको समृद्धि र विकासका लागि होमस्टेको प्रवर्द्धन मार्फत ग्रामीण क्षेत्रमा स्वरोजगारका अवसरहरू सिर्जना गर्न र आम्दानी वृद्धिमा टेवा पुऱ्याउँदै उक्त क्षेत्रमा रहेको संस्कृति, प्राकृतिक सम्पदाको माध्यमबाट ग्रामीण पर्यटनको विकास, प्रवर्द्धन, व्यवस्थापन र यसको व्यावसायीकरणका लागि पुँजीगत अनुदान दिने कार्यक्रम सञ्चालनका लागि दुई पक्ष बिच सम्झौता गरिएको हो । २०७६ आश्विन १० गते विश्व पर्यटन दिवसका दिन मेघौलीमा एक कार्यक्रमको आयोजना गरी प्रदेश नं. ३ का प्रदेश सभा सदस्य कृष्ण भुर्तेलको प्रमुख आतिथ्यता, भरतपुर महानगरपालिकाका उपप्रमुख पार्वती शाह ठकुरीको विशेष उपस्थितमा उक्त सम्झौता पत्रमा हस्ताक्षर गरिएको हो । उक्त सम्झौता बमोजिम उवासंघ-चितवनले थारु सामुदायिक होमस्टे मेघौलीलाई भौतिक पूर्वाधार निर्माण, ब्रोसर छपाई, सांस्कृतिक भेषभुषा तथा आभूषण लगायत अन्य प्रवर्द्धनात्मक क्षेत्रमा सहयोग गर्नेछ । उद्योग वाणिज्य संघ-चितवनको तर्फबाट अध्यक्ष सहनलाल प्रधान र थारु सामुदायिक होमस्टे मेघौलीको तर्फबाट अध्यक्ष सोमलाल महतोले हस्ताक्षर गर्नुभएको थियो । उद्योग वाणिज्य संघ-चितवन अन्तर्गतको पर्यटन विकास समितिको संयोजन एवं सक्रियतामा उक्त सम्झौता भएको हो ।



# स्थापना दिवसको अवसरमा खाद्यान्न वितरण




विद्युत् व्यवसायी संघ-चितवनले आफ्नो ११ औं स्थापना दिवस विभिन्न रचनात्मक कार्यक्रमहरूको आयोजना गरी सम्पन्न गरेको छ । स्थापना दिवसको अवसरमा संघले भरतपुर स्थित हाम्रो घर नामक संस्थालाई खाद्य सामग्री वितरण गरेको थियो । संघका अध्यक्ष भरतप्रसाद लामिछानेको नेतृत्वमा गएको संघका पूर्व अध्यक्ष, सल्लाहकार, महासंघका अध्यक्ष, साकोसका अध्यक्ष लगायतको टोलीले उक्त संस्थालाई खाद्य सामग्री वितरण गरेको विद्युत् व्यवसायी संघका सचिव कृष्ण सुवेदीले बताउनुभयो ।

कार्यक्रममा संघका अध्यक्ष भरतप्रसाद लामिछानेले संघको सामाजिक उत्तरदायित्व अन्तर्गत अनाथ बालबालिकाको सहयोगार्थ खाद्यान्न सामग्री वितरण गरिएको बताउँदै आगामी दिनहरूमा पनि यस किसिमका सामाजिक कार्यहरू गर्दै जाने बताउनुभयो । उक्त खाद्यान्न हाम्रो घरका अध्यक्ष श्री रामहरि श्रेष्ठज्यूलाई हस्तान्तरण गरिएको थियो । साथै सोही दिन संघका कार्यालयमा केक काटेर हर्षोल्लासका साथ स्थापना दिवस मनाइएको संघका सचिव कृष्ण सुवेदीले बताउनुभयो ।

# हार्दिक समवेदना

**जन्म :**
**२०३८।०१।०१**



**स्व. डिल्लीराम गौतम**

**स्वर्गारोहण :**
**२०७६।०७।२९**

उद्योग वाणिज्य संघ-चितवनमा मिति २०६६ वैशाख ७ देखि विभिन्न पदमा रही हाल प्रशासन सहायकको रूपमा कार्यरत **डिल्लीराम गौतमको** मिति २०७६ कार्तिक २९ गतेका दिन सवारी दुर्घटनामा परी भएको अकल्पनीय देहवासनले हामी स्तब्ध र मर्माहत भएका छौं । एक कर्मठ र ऊर्जाशील सहकर्मी गुमाउनु पर्दा सिङ्गो कर्मचारी परिवार भावविह्वल भएको छ । दु:खको यस घडीमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।

**गौरव खतिवडा**
कार्यकारी निर्देशक एवं
**उद्योग वाणिज्य संघ-चितवन कर्मचारी परिवार**

# भरतपुर अस्पताललाई डेंगु किट हस्तान्तरण



उद्योग वाणिज्य संघ चितवनले एक कार्यक्रमका बिच २०७६ भाद्र ३१ गतेका दिन भरतपुर अस्पताललाई डेंगु परीक्षण किट हस्तान्तरण गरेको थियो । अस्पताल परिसरमा आयोजित कार्यक्रममा संघका अध्यक्ष सहनलाल प्रधानले भरतपुर अस्पतालका निमित्त मेडिकल सुपरिटेन्डेण्ट प्रकाश खतिवडालाई पाँच सय वटा डेंगु किट हस्तान्तरण गर्नु भएको थियो ।

कार्यक्रममा बोल्दै प्रमुख अतिथि प्रमुख जिल्ला अधिकारी जितेन्द्र बस्नेतले पछिल्लो समय चितवनमा डेंगुको प्रकोप फैलिएकोले सतर्क हुन आग्रह गर्नुभयो । डेंगु नियन्त्रणको लागि स्वास्थ्यकर्मीको प्रयासले मात्र सम्भव नहुने बताउँदै बस्नेतले त्यसका लागि सरोकारवाला निकायको सहकार्य आवश्यक रहेको बताउनुभयो । डेंगु रोग नियन्त्रणको लागि निजी क्षेत्र र सामाजिक संघ संस्थाहरूको पनि महत्त्वपूर्ण भूमिका हुने बताउँदै उहाँले बिरामी नहुँदै घरघरमा सरसफाइ गर्ने हो भने अस्पताल जानै नपर्ने बताउनुभयो ।

कार्यक्रममा बोल्दै उद्योग वाणिज्य संघ-चितवनका अध्यक्ष सहनलाल प्रधानले उद्योगी व्यवसायीहरू नाफा घाटामा मात्रै केन्द्रित हुन्छन् भन्ने आरोप चिर्न सामाजिक उत्तरदायित्व अन्तर्गत संघले भरतपुर अस्पताललाई डेंगु किट हस्तान्तरण गरेको बताउनुभयो । व्यवसायीहरू सामाजिक काममा पनि उत्तिकै क्रियाशील रहेको बताउँदै संघले हस्तान्तरण गरेको डेंगु परीक्षण किटको सही सदुपयोग हुनुपर्नेमा जोड दिनुभयो । कार्यक्रममा अध्यक्ष प्रधानले आगामी दिनमा पनि डेंगुको सङ्क्रमण कम नभए फेरि पनि आवश्यक सहयोगको लागि संघ तयार रहेको जानकारी दिनुभयो । कार्यक्रममा अध्यक्ष प्रधानले उवासंघ-चितवनले जिल्लाको शिक्षा, स्वास्थ्य, कृषि र पर्यटनको विकासमा आफ्ना गतिविधिहरूलाई केन्द्रित गर्दै आइरहेको बताउँदै स्वास्थ्य क्षेत्र अझ बढी सम्वेदनशील भएकोले आगामी दिनहरूमा पनि यस किसिमका कार्यक्रमहरू आयोजना गर्ने बताउनु भयो । उहाँले नेपाल भ्रमण वर्ष २०२०को पूर्व सन्ध्यामा देखिएको डेंगु प्रकोपलाई समयमै नियन्त्रण गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा नेपाल सुरक्षित छ भन्ने सन्देश फैलाउनुपर्ने बताउनुभयो ।

कार्यक्रममा भरतपुर अस्पतालका वरिष्ठ फिजिसियन डा. भोजराज अधिकारीले चितवनमा डेंगुको अवस्था, बच्ने उपाय र उपचारको बारेमा जानकारी गराउनु भएको थियो । चितवनमा डेंगु रोगको सङ्क्रमण सोचेभन्दा धेरै क्षेत्रमा फैलिए पनि नियन्त्रण बाहिर नगएको बताउनुभयो । पछिल्लो समय डेंगुको सङ्क्रमणसँगै जनता जागरुक भएको बताउँदै उहाँले ज्वरो आउँदा घरमै सिटामोल खाएर बस्ने मान्छे अहिले ज्वरो आएकै दिन चिकित्सकको सम्पर्कमा आउने गरेको बताउनुभयो । सबै प्रकारको डेंगु खतरनाक नभएको बताउँदै उहाँले डेंगु नियन्त्रण गर्न व्यक्तिगत सुरक्षा र जनचेतनाको विकल्प नभएको बताउनु भयो । दैनिक डेंगु रोगको प्रकोप बढिरहेको तर अस्पतालमा किटको संख्या ज्यादै न्यून भएको पाइएकोले सर्वसाधारणको स्वास्थ्यलाई मध्येनजर गरी डेंगु किट वितरण गरिएको उवासंघका कार्यसमिति सदस्य एवं स्वास्थ्य समितिका संयोजक सिरिष पन्तले बताउनु भयो ।

कार्यक्रममा स्वास्थ्य कार्यालय चितवनका प्रमुख दिपक तिवारी, भरतपुर अस्पतालका निमित्त मेडिकल सुपरिटेन्डेण्ट डा. प्रकाश खतिवडा, भरतपुर अस्पतालका पूर्व मेडिकल सुपरिटेन्डेण्ट एवं उवासंघ चितवनका विशिष्ट सदस्य डा. कृष्ण पौडेल लगायतले डेंगु, यसबाट बच्ने उपाय र पूर्व तयारीका बारेमा बोल्नुभएको थियो । कार्यक्रम संघका अध्यक्ष सहनलाल प्रधानको अध्यक्षतामा सम्पन्न भएको थियो ।

## उद्योग वाणिज्य संघ-चितवनको सदस्यता नवीकरण गर्ने सम्बन्धी अत्यन्त जरूरी सूचना

उद्योग वाणिज्य संघ-चितवनको ५३ औं वार्षिक साधारण सभा तथा अधिवेशन मिति २०७६ पौष २८ र २९ गते आयोजना हुन गइरहेको व्यहोरा सम्पूर्ण सदस्यज्यूहरूलाई जानकारी गराउँदछौं । आयोजना हुन लागेको उक्त साधारण सभा तथा अधिवेशनका लागि संघको विधानले गरेको व्यवस्था बमोजिम सदस्यता नवीकरण गर्ने अन्तिम मिति २०७६ पौष १८ गते शुक्रवार कार्यालय समयभित्र (दिउँसो ३ बजेभित्र) कायम गरिएकोले उक्त समयावधिमा सदस्यता नवीकरण गरी आफ्नो मताधिकार सुरक्षित गर्नुहुनका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**उद्योग वाणिज्य संघ-चितवन**

भरतपुर महानगरपालिका-१, नारायणीमार्ग, नारायणगढ

फोन: ०५६-५२०१०८, ५२२१४५

ईमेल: ccicchitwan@gmail.com

# भारतीय साइकल यात्रीलाई उवासंघ- चितवनमा स्वागत




भारतीय साइकल यात्रीको टोलीलाई उद्योग वाणिज्य संघ-चितवनमा २०७६ मङ्सिर ८ गतेका दिन एक कार्यक्रमको आयोजना गरी स्वागत गरिएको छ । भारतको राजस्थान राज्यको कोटादेखि नेपालको काठमाडौँसम्म १३१२ कि.मि. साइकल यात्रा गर्ने क्रममा चितवनमा आइपुगेको टोलीलाई उद्योग वाणिज्य संघ-चितवनमा स्वागत गरिएको हो । टोलीलाई स्वागत गर्दै उद्योग वाणिज्य संघ-चितवनका अध्यक्ष सहनलाल प्रधानले नेपाल भ्रमण वर्ष २०२० को पूर्वसन्ध्यामा आयोजना गरिएको उक्त साइकल यात्राले दुवै देशको पर्यटन प्रवर्द्धन गर्नमा सहयोग पुग्नुका साथै दुई देश बिचको भातृत्व विकासमा योगदान पुग्ने अपेक्षा व्यक्त गर्दै अभियानको सफलताको शुभकामना व्यक्त गर्नुभयो । अभियानकर्तालाई स्वागत गर्दै अध्यक्ष प्रधानले साइकल यात्राले शारीरिक स्वास्थ्यका हिसाबले मात्र नभई द्विदेशीय सम्बन्ध विस्तारमा समेत सहयोग पुग्ने बताउनुभयो । उहाँले वर्ष २०२० मा नेपाल भ्रमण गर्नका लागि भारतीय नागरिकहरूलाई सन्देश प्रवाह गर्न समेत अनुरोध गर्नुभयो ।

भारतको राजस्थानको कोटाबाट यात्रा सुरु गरेका ८ जना साइकल यात्रीको नेतृत्व गरेका डा. गिरिश शर्माले अभियानले भारत र एसियाली रेकर्ड राख्ने बताउनुभयो । कार्यक्रममा गिरिशले नेपाल र भारत बिच भातृत्व विकास, एकता र वातावरण सम्वर्द्धन गर्ने मूल सन्देश प्रवाह गर्ने उद्देश्यका साथ कार्यक्रम आयोजना गरिएको बताउनुभयो । साइकल यात्रीको टोली भरतपुर-चितवन, मुग्लिङ हुँदै काठमाडौँसम्मको यात्रा गर्ने क्रममा ईन्डो-नेपाल एक्सपेडिसन २०१९ अन्तर्गत उवासंघमा स्वागत कार्यक्रमको आयोजना गरिएको हो । कार्यक्रममा उद्योग वाणिज्य संघ-चितवनका पदाधिकारी, कार्यसमिति सदस्य, चितवन राईडर्स क्लबका अध्यक्ष नवीन खरेल लगायत उवासंघ-चितवनका कर्मचारीको उपस्थिति रहेको थियो ।

# हार्दिक समवेदना

**जन्म :**
**२०३८।०१।०१**



**स्व. डिल्लीराम गौतम**

**स्वर्गारोहण :**
**२०७६।०७।२९**

उद्योग वाणिज्य संघ-चितवनमा मिति २०६६ वैशाख ७ देखि विभिन्न पदमा रही हाल प्रशासन सहायकको रूपमा कार्यरत **डिल्लीराम गौतम**को मिति २०७६ कार्तिक २९ गतेका दिन सवारी दुर्घटनामा परी भएको अकल्पनीय देहावसानले हामी स्तब्ध र मर्माहत भएका छौँ । दु:खको यस घडीमा स्वर्गीय आत्माको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछौँ ।

**सहनलाल प्रधान**
अध्यक्ष एवं
**उद्योग वाणिज्य संघ-चितवन परिवार**

# लैङ्गिक हिंसा विरूद्ध उवासंघ-चितवनको अन्तर्क्रिया




उद्योग वाणिज्य संघ-चितवनले २०७६ मङ्सिर १५ गतेका दिन एक दिवसीय लैङ्गिक हिंसा विरुद्धको कार्यक्रम सम्पन्न गरेको छ । उद्योग वाणिज्य संघ-चितवनको सभाहलमा उद्यमशीलता विकास र महिला सशक्तीकरण मार्फत महिला हिंसा न्यूनीकरण विषयमा अन्तर्क्रिया कार्यक्रम आयोजना गरिएको हो । अन्तर्क्रिया कार्यक्रममा उपस्थित अतिथि एवं सहभागीलाई स्वागत गर्दै संघका अध्यक्ष सहनलाल प्रधानले कतिपय अवस्थामा घर परिवारमा महिलाको आर्थिक सहभागिता कम हुनुका कारण घरेलु हिंसा पीडित हुनुपरेको बताउँदै महिलाहरू उद्यमशीलतातर्फ उन्मुख भई आत्मनिर्भर बन्नुपर्ने बताउनुभयो । कार्यक्रममा उहाँले महिला सशक्तीकरणका लागि आर्थिक हैसियतमा वृद्धि हुनुपर्ने र यसका लागि उद्यमशीलता निर्विकल्प रहेको बताउनुभयो । उहाँले महिला उद्यमशीलताका लागि संघले विविध कार्यक्रम आयोजना गर्ने बताउनुभयो ।

कार्यक्रममा बोल्दै कार्यक्रमका प्रमुख अतिथि एवं जिल्ला समन्वय समितिका उपप्रमुख मुनाकुमारी श्रेष्ठले लिङ्गका आधारमा हुने कुनै पनि किसिमको दुर्व्यवहार तथा हिंसा सैह्य नहुने बताउँदै कतिपय अवस्थामा यी कुराहरू कानुन बर्जित पनि गरेको बताउनुभयो । कार्यक्रममा प्रमुख अतिथि श्रेष्ठले महिला हिंसाका घटनाहरू महिला आत्मनिर्भर हुन नसकेका कारण रहेको बताउँदै महिलाहरू स्वावलम्बन हुनुपर्नेमा जोड दिनुभयो । अन्तर्क्रिया कार्यक्रममा नारी उत्थान केन्द्रका पूर्व अध्यक्ष दुर्गालक्ष्मी श्रेष्ठ, भरतपुर महानगरपालिका वडा नं. २ का वडाध्यक्ष पूर्णबहादुर श्रेष्ठ, वडा नं. १ का वडा सदस्य राममाया पिया, वडा नं. २ का वडा सदस्य एवं कार्यपालिका सदस्य धनकुमारी वि.क., समाजसेवी एवं लैङ्गिक हिंसा विरुद्धको अभियानका चितवन संयोजक मिना खरेल, उवासंघ-चितवन महिला उद्यमी विकास समितिका संयोजक रजनी मास्के लगायतले आ-आफ्नो धारणा व्यक्त गर्नुभएको थियो । कार्यक्रममा भएको अन्तर्क्रियामा सहभागीका गुनासाहरूलाई सम्बन्धित व्यक्तित्वबाट सम्बोधन गरिएको थियो । समानताको पुस्ता: बलात्कार विरुद्ध ऐक्यबद्धता भन्ने मूल नाराका साथ यही नोभेम्बर २५ देखि डिसेम्बर १० सम्म सञ्चालन गरिएको लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान अन्तर्गत उक्त कार्यक्रमको आयोजना गरिएको हो । करिब १ सय जना महिला उद्यमीहरूको सहभागिता रहेको उक्त कार्यक्रम संघका अध्यक्ष सहनलाल प्रधानको अध्यक्षता, जिल्ला समन्वय समितिका उपप्रमुख मुनाकुमारी श्रेष्ठको प्रमुख आतिथ्यता, महिला उद्यमी समिति संयोजक रजनी मास्केको धन्यवाद ज्ञापन एवं महिला उद्यमी दिपा शाहीको सञ्चालनमा सम्पन्न भएको थियो ।

## अन्तर्राष्ट्रिय ...




उद्योग वाणिज्य संघ-चितवनमा भएको छलफल कार्यक्रममा नेपालका लागि श्रीलङ्काका तत्कालीन राजदुत स्वर्ण परेराको साथ

साथै उद्योग वाणिज्य संघ-चितवनको तर्फबाट संघका कार्यसमितिका विशिष्ट सदस्य डा. होमबहादुर बस्नेतले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । बैठकमा सहभागीहरूले चितवनको शिक्षा, स्वास्थ्य, कृषि र पर्यटन क्षेत्रमा लगानी गर्न अनुरोध गरेका थिए । नेपाल भ्रमण वर्ष २०२० लाई मध्यनजर राखी भ्रमण वर्षको समेत प्रचार प्रसार र प्रवर्द्धन गर्ने उद्देश्यले कार्तिक १४ गते उद्योग वाणिज्य संघको टोली त्यसतर्फ प्रस्थान गरेको थियो ।

संघका अध्यक्ष सहनलाल प्रधानको नेतृत्वमा उवासंघका कार्यसमिति, पूर्व अध्यक्ष, नेउवामहासंघका केन्द्रीय सदस्य लगायतका ३२ जना व्यवसायीहरूको उक्त टोलीमा सहभागिता रहेको थियो । निजी क्षेत्रको तर्फबाट श्रीलङ्कामा यसरी सम्बन्ध स्थापित गर्ने उद्योग वाणिज्य संघ-पहिलो र एक मात्र संघ भएको अध्यक्ष प्रधानले बताउनुभयो । नेपाल स्थित श्रीलङ्काको दुतावासको पहल र श्रीलङ्का स्थित सिलोन चेम्बरको निमन्त्रणामा सम्पन्न उक्त अध्ययन अवलोकन भ्रमण टोली कार्तिक २० गते नेपाल फर्केको थियो ।

# महिला उद्यमी मेला- २०७६ आयोजना गरिने

उद्योग वाणिज्य संघ-चितवनले आगामी पौष ५ देखि ७ गते सम्म महिला उद्यमी मेला -२०७६ आयोजना गर्ने भएको छ । उद्योग वाणिज्य संघ-चितवन अन्तर्गतको महिला उद्यमी विकास समितिको सक्रियतामा उक्त मेला आयोजना गर्न लागिएको हो । महिला उद्यमीहरूद्वारा उत्पादित वस्तुहरूको आवश्यक प्रचार प्रसार गर्दै महिला उद्यमशीलता विकासमा टेवा पुऱ्याउने उद्देश्यले उक्त मेला आयोजना गर्न लागिएको संघका अध्यक्ष सहनलाल प्रधानले बताउनुभयो । उद्यमशीलता विकास मार्फत महिलालाई आयआर्जनमा आकर्षित गर्नुका साथै महिला उद्यमीद्वारा उत्पादित वस्तुहरूको प्रचार प्रसार गर्नमा मेलाले महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने अपेक्षा गरिएको छ । तिन दिनसम्म उद्योग वाणिज्य संघ-चितवनको परिसरमा सञ्चालन गर्न लागिएको उक्त महोत्सवमा महिला उद्यमीद्वारा उत्पादित वस्तुहरूका ३५ वटा स्टलहरू रहने छन् । महिला उद्यमी तथा घरेलु, साना तथा लघु उद्यमीद्वारा उत्पादित वस्तुहरूको प्रवर्द्धनमा सहयोग पुऱ्याउने अपेक्षा गरिएको उक्त मेलामा चितवन, नवलपरासी, मकवानपुर, धादिङ, तनहुँ, पोखरा लगायतका महिला उद्यमीहरूको सहभागिता रहने छ । उद्योग वाणिज्य संघ-चितवनले महिला उद्यमीहरूको प्रवर्द्धनका लागि घरेलु तथा साना उद्योग विकास समितिको सहयोगमा गत असारदेखि चितवन कोसेली घर सञ्चालनमा ल्याएको छ ।

# नयाँ सदस्यहरू

| सदस्यता नं | फर्मको नाम | ठेगाना | प्रोपाइटर को नाम |
|---|---|---|---|
| ६५२१ | विन्दवासिनी इलेक्ट्रिक स्टोर्स | भरतपुर म.न.पा., १०, गितानगर | श्री शिव पोखेल |
| ६५२२ | ओम शिवालय कृषि सहकारी संस्था लि. | भरतपुर म.न.पा., २१, पार्वतीपुर | श्री दिपक लामिछाने |
| ६५२३ | श्री साई राम कुमार गुप्ता | भरतपुर म.न.पा., ३, शहिदचोक | श्री सौरभ गुप्ता |
| ६५२४ | चितवन हिमालयन इन्टरप्राइजेज | भरतपुर म.न.पा., १, नारायणीमार्ग | श्री शंकरकिरण खनाल |
| ६५२५ | हाइटेक मिडिया | भरतपुर म.न.पा., ११, बसेनी | श्री उमाशंकर पाण्डेय |
| ६५२६ | आचार्य सप्लायर्स | भरतपुर म.न.पा., २, क्षेत्रपुर | श्री टिकाराम आचार्य |
| ६५२७ | एस के फुटवेयर प्रा. लि | भरतपुर म.न.पा., ३, कमलनगर | श्री कल्पना खड्का |
| ६५२८ | दिपिया किराना स्टोर्स | भरतपुर म.न.पा., १, मिलनरोड | श्री दिनेश पिया |
| ६५२९ | आर. जि. आर. ज्वेलर्स | भरतपुर म.न.पा., ११, गणेस्थान | श्री गोकुल विश्वकर्मा |
| ६५३० | नारायणी डाइग्नोष्टिक सेन्टर | भरतपुर म.न.पा., ७, कृष्णपुर | श्री अर्जुन रानाभाट |
| ६५३१ | साइनो ट्रेड कन्सर्न प्रा. लि. | भरतपुर म.न.पा., ३, न्यूरोड | श्री हिरा ढकाल |
| ६५३२ | पोल्ट्री ल्याव एण्ड कन्सल्टेन्सी | भरतपुर म.न.पा., २, संगमरोड | श्री रेवन्तकुमार भट्टराई |
| ६५३३ | श्रेष्ठ मोटरसाइकल तथा साइकल वर्कसप | भरतपुर म.न.पा., १५, मंगलपुर | श्री विक्रमकुमार श्रेष्ठ |
| ६५३४ | सप्तगण्डकी पुस्तक भण्डार | भरतपुर म.न.पा., १०, सप्तगण्डकीचोक | श्री अर्जुन आचार्य |
| ६५३५ | राधाश्री फेशन कलेक्शन | भरतपुर म.न.पा., १, गंगोत्रीमार्ग | श्री लक्ष्मी कँडेल |
| ६५३६ | देवकोटा कपडा पसल | भरतपुर म.न.पा., २३, जगतपुर | श्री रामहरि देवकोटा |
| ६५३७ | हाम्रो लण्ड्री सेवा | भरतपुर म.न.पा., १२, आनन्द टोल | श्री डिलकुमारी ओझा |
| ६५३८ | रंगमहल रिभरल्याण्ड प्रा. लि. | भरतपुर म.न.पा., २, आदर्शटोल | श्री अशेष मल्ल |
| ६५३९ | मिसु ट्रेडिङ्ग | भरतपुर म.न.पा., १०, मालिका मार्ग | श्री राजुप्रसाद पन्त |
| ६५४० | अमृत वाणी सुपर सप्लायर प्रा. लि. | भरतपुर म.न.पा., १०, मालिका मार्ग | श्री विमला पन्त |
| ६५४१ | के.एस. सिरक डसना उद्योग | भरतपुर म.न.पा., २, रामेश्वर टोल | श्री केशरी श्रेष्ठ |
| ६५४२ | एग्रो केम इण्डष्ट्रिज प्रा. लि. | भरतपुर म.न.पा., ४, लक्ष्मीपुर | श्री राम कुँवर |
| ६५४३ | टियान यू इन्टरनेशनल प्रा. लि. | भरतपुर म.न.पा., ५, प्रेमवस्ती | श्री गमबहादुर लामिछाने |
| ६५४४ | पि.एस. मदिरा सप्लायर्स | भरतपुर म.न.पा., ४, धर्मचोक | श्री प्रताप ढुङ्गाना |

# Chamber Guest House

Under the Management of Chamber of commerce & Industry-Chitwan




Contact :
Bharatpur metropolitan city-1,
Narayangarh, Chitwan
info@ccichitwan.org.np,
www.ccichitwan.org.np
056 – 520018
– 525512
– 522145

## FACILITIES

- Located at the bank of Holy Narayani River
- View of Narayani River from all rooms
- Party Venue
- Free internet Access
- Training seminar and Conference Hall accomodating 500 people

"A Home After Your Home"



# राष्ट्रिय ...

सहभागितामा गर्नुपर्ने बताउनुभयो । साथै उहाँले करको दरभन्दा पनि करको दायरा फराकिलो बनाउनु पर्नेमा जोड दिनुभयो । उहाँले सहभागीलाई सम्बोधन गर्दै कर सम्बन्धी थप कार्यक्रमहरू आवश्यक भएमा संघले सञ्चालन गर्ने बताउनुभयो ।

कार्यक्रममा उद्योग वाणिज्य संघ-चितवनका कार्यसमिति सदस्य, वस्तुगत संघका अध्यक्ष, प्रतिनिधि, सदस्य, उद्यमी व्यवसायी गरी करिब १५० जनाको सहभागिता रहेको थियो । उक्त कार्यक्रममा आन्तरिक राजस्व कार्यालयका कर अधिकृतत्रय धनिश्वर अर्याल, आनन्द गुप्ता र संजय सरदारले सहजीकरण गर्नुभएको थियो । उद्योग वाणिज्य संघ-चितवनका अध्यक्ष सहनलाल प्रधानको अध्यक्षता, उवासंघ-चितवनका वरिष्ठ उपाध्यक्ष चुननारायण श्रेष्ठको धन्यवाद ज्ञापनसहित सम्पन्न भएको अन्तर्क्रिया कार्यक्रम संघका कार्यकारी निर्देशक गौरव खतिवडाले सञ्चालन गर्नुभएको थियो । राष्ट्रिय कर दिवस तथा कर सप्ताहको अवसरमा मङ्सिर १ गते संघको समन्वयमा संघको सचिवालयबाट प्रभात फेरी कार्यक्रम पनि सम्पन्न गरिएको थियो ।

## नारायणगढ बजारको मिति २०७६ मङ्सिर ५ गतेको बजार भाउ

| विवरण | परिमाण | रकम | विवरण | परिमाण | रकम | विवरण | परिमाण | रकम |
|---|---|---|---|---|---|---|---|---|
| १. धान मसिनो | प्रति क्वि. | रू. ६५००।- | २४. तोरीको तेल | प्रति १० लि. | रू. १५००।- | क) ब्रोइलर कुखुराको तयारी | प्रति के.जी. | रू. २७०।- |
| २. धान वार | प्रति क्वि. | रू. ३२००।- | २५. भटमासको तेल | प्रति लि. | रू. १४०।- | ख) ब्रोइलर कुखुराको जीवित | प्रति के.जी. | रू. १८०।- |
| ३. धान मोटो सावित्री | प्रति क्वि. | रू. ३३००।- | २६. वनस्पति घ्यू | प्रति के.जी. | रू. १४०।- | ग) स्थानीय कुखुरा जीवित | प्रति के.जी. | रू. ७००।- |
| ४. धान मोटो अन्य | प्रति क्वि. | रू. | २७. नुन | प्रति के.जी. | रू. १८।- | घ) लेयर्स कुखुराको तयारी | प्रति के.जी. | रू. २४०।- |
| ५. चामल मसिनो | प्रति के.जी. | रू. १३०।- | २८. जिरा | प्रति के.जी. | रू. ४२०।- | ङ) खसी बोकाको जीवित | प्रति के.जी. | रू. ५००।- |
| ६. चामल मन्सुली | प्रति के.जी. | रू. ५७।- | २९. मरिच | प्रति के.जी. | रू. ६००।- | च) खसी बोकाको तयारी | प्रति के.जी. | रू. ९००।- |
| ७. चामल मोटो सावित्री | प्रति के.जी. | रू. ४९।- | ३० धनियाँ | प्रति के.जी. | रू. २२०।- | छ) राँगोको तयारी | प्रति के.जी. | रू. ३५०।- |
| ८. चामल मोटो सावित्री सोना | प्रति के.जी. | रू. ४७।- | ३१. निर्माण सामग्री | | | ज) बंगुरको तयारी | प्रति के.जी. | रू. ४००।- |
| ९. मकै | प्रति क्वि. | रू. ४०००।- | ३२. कर्कट पाता | | | झ) माछा खानयोग्य | प्रति के.जी. | रू. ३५०।- |
| १० गहुँ | प्रति क्वि. | रू. ३८००।- | क) २४ गेज | प्रति वण्डल | रू. ११५००।- | ञ) अण्डा | प्रति क्रेट | रू. २७५।- |
| ११. कोदो | प्रति क्वि. | रू. ४५००।- | ख) २६ गेज | प्रति वण्डल | रू. ९१५०।- | ३६) दुग्धजन्य पदार्थ | | |
| १२. फापर | प्रति क्वि. | रू. ४०००।- | ग) २८ गेज | प्रति वण्डल | रू. ७९००।- | क) दुध | प्रति लि. | रू. ७६।- |
| १३. मसुरी | प्रति के.जी. | रू. ८०।- | ३३. छड | | | ख) दही | प्रति लि. | रू. ११०।- |
| १४. चना | प्रति के.जी. | रू. ९५।- | क) ६ मि.मि. | प्रति क्वि. | रू. ७६।- | ग) पनिर | प्रति के.जी. | रू. ६७५।- |
| १५. केराउ | प्रति के.जी. | रू. ६५।- | ख) ८ मि.मि. | प्रति क्वि. | रू. ७३।५० | घ) क्रिम | प्रति लि. | रू. ५००।- |
| १६. भटमास | प्रति के.जी. | रू. ८५।- | ग) १० मि.मि. | प्रति क्वि. | रू. ७३।५० | ङ) आइसक्रिम | प्रति के.जी. | रू. २५०।- |
| १७. रहर दाल | प्रति के.जी. | रू. १५०।- | घ) १२ मि.मि. | प्रति क्वि. | रू. ७३।५० | च) वटर | प्रति के.जी. | रू. ९३०।- |
| १८. मसुरी दाल | प्रति के.जी. | रू. ८५।- | ङ) १६ मि.मि. | प्रति क्वि. | रू. ७३।५० | छ) घ्यू | | रू. १०२०।- |
| १९. मासको दाल | प्रति के.जी. | रू. १५०।- | ३४. सिमेन्ट | | | ३७. दाना सम्बन्धी | | |
| २०. तिल | प्रति के.जी. | रू. २४०।- | क) शिवम् सिमेन्ट | प्रति बोरा | रू. ७९०।- | क) ब्रोइलर कुखुरा १ नं. | प्रति के.जी. | रू. ६५।- |
| २१. कालो मासको गेडा | प्रति के.जी. | रू. १२८।- | ख) निर्माण सिमेन्ट | प्रति बोरा | रू. ६४०।- | ख) ब्रोइलर कुखुरा २ नं. | प्रति के.जी. | रू. ६४।- |
| २२. आलु | प्रति के.जी. | रू. ३०।- | ग) रिलायन्स | प्रति बोरा | रू. ६२५।- | ग) लेयर्स कुखुरा ३ नं. | प्रति के.जी. | रू. ।- |
| २३. प्याज | प्रति के.जी. | रू. १४०।- | ३५. मासुजन्य पदार्थ | | | | | |

**नोट : माथि उल्लेखित बजार भाउ पत्रिका तयार गर्दा लिइने हुँदा पत्रिका प्राप्त हुने मितिमा केही तलमाथि हुन सक्नेछ ।**

### पाठक वर्गमा अनुरोध

यस संघबाट प्रकाशन हुँदै आइरहेको मासिक बुलेटिनलाई अझै स्तरीय र प्रभावकारी बनाउन पाठकहरूको कुनै किसिमको प्रतिक्रिया, सुझाव, सल्लाह व्यावसायिक लेख रचना भए यस संघको सचिवालयमा लेखी पठाउनु हुन हार्दिक अनुरोध गर्दछौं ।

**- सम्पादक**

**प्रापक:**

..............................................................................

..............................................................................

..............................................................................

..............................................................................

(जि.प्र.का.द.नं. ५/०४९/०५०, चि.जि.हु.द.नं. ६/०४९/०५०)